# Living the LOTUS

Buddhism in Everyday Life

3 2020

VOL. 174




Founder's Essay

## बुद्ध बन्ने बाटो

सद्धर्म पुन्डरिक भनेको बुद्ध बन्ने उपदेश हो भन्दा फरक नपर्ला । मैले धेरैचोटी भनेको छु कि बुद्धले "उपदेश सुन्दा मात्रै पनि जो सुकै बुद्ध बन्न सक्छन" भनेर भनेका छन । तर खाली "सुन्दा मात्रै पनि बुद्ध बन्न सकिन्छ ?" भनेर सोध्ने एक थिए ।

कुनै कुरा "सुन्नु" भनेको मुटुभित्रबाट "यो पक्कै" हो भनेर बुझ्नु हो । तेसैले कानले सुन्नाले मात्र ज्ञान बढ्ने होईन । कुनै एक कुरा राम्ररी सुन्ने अनि तेसलाई अभ्यास गर्नाले यो तृलोकलाई परिवर्तन गर्ने सत्यलाई अनुभव गर्न सकिन्छ ।

अरुलाई मुक्ती दिने काम गर्ने मानिसले बुद्धको उपदेशलाई श्रद्धा नगरि हुँदैन । उपदेश अनुसार एक अभ्यास मात्र गर्दा खुशी पाउन सकिन्छ । कोसेइ काइको ५३ बर्षको इतिहासले यो कुरा प्रमाणित गरिसकेको छ । एक एक बोधिसत्व कर्म गर्दै जानु पर्छ ।

अरुकोनिम्ती सुकर्म गर्दा आफुमा भएको लचक नहुने दृष्टी परिवर्तन भएर बुद्धत्व प्रकट हुन्छ । अरुलाई बुद्धपथमा हिंड्न मद्दत गर्नु नै आफु बुद्ध हुने बाटो हो ।

संस्थापकको निबन्ध ९ / ९४-९५बाट


**Living the Lotus**
**Vol. 174 (March 2020)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु
टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: कोइचि साइतो
सम्पादक: केनसुके सुजुकि
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

*Living the Lotus-Buddhism in Everyday life* (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।



*President's Message*

# सन्तुष्ट हुन सकिने खुशी

by Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## लोभबाट टाढा भएमा

"मानिसमा हुने लोभ र हिउ जती बढी तेती आफ्नो बाटो बिर्सिन्छ"

बिस्तारै मौसम न्यनो हुँदा जादै छ तर यो माथिको जापानि कबितामा भने जाडोपन छ तर मान्छेले जती लोभ गऱ्यो उस्ले आफु हिंड्नु पर्ने बाटो बिर्सिन्छ भन्न खोजिएको हो ।

यो महिना हाम्रो संस्थाको ८२औ वार्षिक उत्सव छ र र संस्थापक (निक्क्यो निवानो) र सह-संस्थापक (म्योको नागानुमा) सधै "लोभबाट टाढा भएमा पुण्य कमाइन्छ" भनेर भन्ने गर्नुहुन्थ्यो ।

लोभ भनेको प्राकृतिक कुरा हो र बाच्न आवस्यक पनि छ । तर चहिनेभन्दा बढी लोभ "मलाई यो चाहियो त्यो चाहियो" अनि "आफुले भने जस्तै हुन पर्छ" जस्ता कुरामा फसेमा अरुको बारेमा सोच्न सकिदैन । एस्तो हुनु भनेको मनमा अहम "आफु" हुनाले नै हो ।

तर जेमा पनि थोरै भए पनि चित्त बुझाउनेहरुले अरुको बारेमा सोच्न सक्छन । जस्तोकी आफुलाई मन पर्ने कुरा हात परे पनि "अरुलाई पनि दिउ आफुले मात्र खादा राम्रो नलाग्ने अनि जे पनि बाडौ" भन्ने कुरा मनमा आइहाल्छ । तेही भएर थोरैमा चित्त बुझाउनेलाई चाहिनेभन्दा बढी कुराको चाहना हुँदैन भनेर भन्न सकिन्छ होला ।

तेसैले एस्तो मानवमा हुन पर्ने बिचार र दयाले कार्य गर्ने कुरालाई सह-संस्थापकले "लोभबाट टाढा भएमा पुण्य कमाइन्छ" भनेर भनेको हो जस्तो लाग्छ । एस्ता भनेको मानिसमा प्रकृतिक रुपमा हुने कुरा बाहिर निस्केको मात्र हो ।

## आभारिपनले नै

सद्धर्म पुन्डरिकको "गजुर अध्याय" मा सद्धर्म पुन्डरिक बुझी अभ्यास गर्ने नै भक्ती गर्ने हो र "धुताङ्ग" गर्ने मानिस हो भनिएको छ ।

धुताङ्ग भनेको "आफ्नो भ्रमलाई त्याग्ने" भन्ने अर्थ पनि लाग्छ तर एक दिन एक चोटी मात्र

खाने अनि साधाराण धोती लगाउँने कुरा पनि “धुताङ्ग” नै हो ।

धुताङ्ग भन्नासाथ माहाकस्यपको कुरा सम्झिन्छ । “माहाकस्यप आफुले लाउने कुरा सुत्ने ठाउ जस्तो भए पनि केहि नभनी जेमा पनि सन्तुष्ट हुन्थे” भनेर भनिन्छ ।

अहिले हामी एस्तो कुरा अभ्यास गर्न सक्दैनौ जस्तो लाग्छ तर “जे भए पनि कचकच र गनगन नगरि  सन्तुष्ट” हुने भनेको आफुले पाएको कुरामा आभारी भएर आफ्नो जिद्दीलाई छोड्ने कुरा त गर्न सकिन्छ । अनि धुताङ्ग भनेको “थोरैमा चित्त बुझाउने” भन्ने अर्थ पनि लाग्छ तेही भएर थोरै भए पनि खुशी हुने जिन्दगी बिताउनकोलागी पाएको कुरामा आभरी हुन्छु भन्ने कुरा सधै आभ्यास गर्दै जानु पर्छ ।

र आफ्नो रुपरङ्गमा “यो राम्रो यो नराम्रो” भनियो भने “आफ्नो प्राणप्रती हिंसा” गर्नु बराबर हो भनेर कसैले भनेको कुरा मैले पढेको थिए । तेही भए जे पनि “यो राम्रो त्यो नराम्रो” नभनी बाच्ने कुरा सुत्र पाठको श्लोकको “सैएम बन्ने” भन्ने कुरासँग मिल्छ ।

साथै एस्तो गर्न सकिएमा सद्धर्म पुन्डरिक उपदेश बुझेकोमा आभारी भएको रहेछु भन्ने कुरालाई बुझ्न सकिन्छ । एस्तो भएमा सद्धर्म पुन्डरिकबाट बुद्धधर्म उपदेश लिने हामीहरुमा सधै “सन्तुष्ट हुन सकिने खुशी” को तत्व छ भन्न सकिन्छ होला ।

तर एस्तो कुरा बुझे पनि सबैकुरामा आभारी हुन सकिन्न । तेस्तो बेलामा सबैभन्दा पहिला सर्बचिजलाई नमन गर्ने कुरा महत्वपुर्ण हुन्छ ।

जस्तोकी खाने बेलामा “म अब खानछु” भनेर खाने कुरालाई नमन गरिने बानिले खाने कुरा कहाँबाट आएको हो तेसको प्राणले गर्दा म बाचेको छु भन्ने कुरामा आभारी बन्ने मन बन्दै जान्छ ।

जिवनमा आफुले पाउने कुरा सर्बचिजलाई नमन गर्नाले आभारिपन र खुशी पाईन्छ र त्यो नै सन्तुष्ट हुने सकिने खुशी हो जस्तो लाग्छ ।

From *Kosei*, March 2020

# बुद्धको दयामा बाधिदा

## रिश्शो कोसेइ काइ सान फ्रान्सिस्को

## कासुया साया

*यो प्रवचन २०१९ सेप्टेम्बरमा रिश्शो कोसेइ काइ सान फ्रान्सिस्को स्थापना ४५औं बर्ष समारोहमा गरिएको हो।*

सबैजना आज्ञा दिनुहोस।

आज सान फ्रान्सिस्को मन्दिर स्थापनाको ४५औ वार्षिक उत्सबमा मलाई यहाँ बोल्न दिनु भएकोमा धेरै धन्यवाद छ।

म १९६५मा काया घरको जेठि छोरी भएर जन्मे । वाकायामाको ताबे शहरमा हुर्केकी मलाई सानैदेखी टिभीमा अरु देश देखाउने कार्यक्रम मन पर्थ्यो। मलाई अरु देशमा गएर बस्न मन थियो तेही भएर हाई स्कुलपछी म बिदेश जान्छु भन्ने निर्णय गरे।

हाई स्कुलपछी एकबर्ष ढाड दुख्ने रोगले गर्दा अस्पातल जाने आउने गर्न पऱ्यो तर तेस्पछी म सान डिएगोको कलेज जान थाले। सुरुमा अङ्ग्रेजी गाह्रो लाग्यो तर मैले पर्याबिरण बिषय पढेर सके। तेस्पछी मैले जापानि किताब पसलमा काम गरे। मैले आइकिदो पनि सुरु गरे र त्यहाँ भेटेको मान्छेसँग २ बर्षपछी बिहे गरे।

म धेरै खुशी थिए। दुइ छोरी पनि भए र हामीले घर पनि किन्यौ। सपनाको जस्तो संसार थियो।



*सान फ्रान्सिस्को मन्दिरमा प्रवचन गर्दै कायाजि*

छोरी पाएपछी मैले काम छोडे र उनिहरुको हेरबिचार गर्न थाले। लागु पदार्थ बिरुद्ध लड्ने पुलिस मेरो श्रीमानको काम थियो र कामको समयको ठेगान थिएन। तैपनी उहाले खाली समयमा गार्डको काम गरेर घरको ऋण तिर्ने र हामीलाई पाल्नुहुन्थ्यो

बिहे गरेको ८ बर्ष बित्दा श्रीमानले एकदिन म यो घर छोडेर बाहिर जान्छु भने। म छोरीहरुसँग बस्थे तर ६ महिनासम्म पनि श्रीमानबाट कुनै खबर आएन।

छोरीहरुलाई बुवा भेटाउन पर्छ भनेर मैले आफ्ना ६ र ४ बर्षका छोरी लिएर श्रीमानको कोठामा गए तर कोही थिएन।

म पटकपटक गए तर श्रीमान भेटिएनन। घरपेटिले त यहाँ साच्चै नै बस्छन र? भनेर समेत भने।

श्रीमानको खबर नआयेको एक महिना जती बितेपछी म थाहा नपाउने गरी उनको कोठामा गए श्रीमानले झ्यालबाट हेरे र जेठि छोरीले "बुवा" भनेर कराईन। छोरीले झ्यालबाट आफ्नो बुवा देख्दा अचम्म मानी र श्रीमान पनि हामीलाई देख्दा अचम्म परे।

कोठाबाट केहि सफा गरे जस्तो आवाज आयो र एकछिनपछी उनले हामीलाई भित्र आउनु भने। छोरिहरुले धेरैपछी आफ्नो बुवा देखेर के गरु जस्तो गरेका थिए तर बुवाले उनलाई अङ्गालो हाले। म सुत्ने कोठामा गए त्यहाँ कसैको इएरिङ्ग खसेको थियो

त्यो इएरिङ्ग कस्को भनेर सोध्दा उनले मसँग डिवोर्स गर्छु भने। मैले तेती बेलासम्म श्रीमान यहाँ बसेको कामले होला भनेर ठानेको थिए। तर उनको शब्द सुन्दा मेरो दिमागले एक छिन काम गरेन र केहि भन्न सकिन। त्यो दिन मैले त्यहाँबाट घरसम्म रुदै गाडी चलाएको अहिलेसम्म पनि सम्झिन्छु।

त्यो बेलामा मैले काम गरेको थिइन र श्रीमानको बैंकको पैसा पनि थोरै थियो। मैले "छोरीको निम्ती पैसा चाहिन्छ" भन्ने लाग्यो र ३ मध्य एक गाडी बेच्ने बिचार गरे। र सरकारसँग श्रीमानको तलबबाट छोरी पाल्ने पैसा पाउ भनेर उजुर गरे।

मैले छोरीहरुको बिदामा जापानको वाकायामा लिएर गए । मैले श्रीमानको कुरा आमालाई भने तर उहाले केहि भन्नु भएन दुखी मात्र हुनुभयो । बुवाको दिमागमा रक्तश्राब भएर उठ्न नसक्ने हुनुहुन्थ्यो उहाको आखामा आँसु आएको अहिले पनि सम्झिन्छु ।

छोरीहरुको बिदा २महिना पछी सकियो र अमेरिका फर्कने सोच्दै थिए तर फर्किन डर लागेको थियो । म श्रीमानलाई माफ गर्न सक्दिनथे र टिकट काम लाग्ने समयसम्म जापानमा नै रहने बिचार गरे ।

मैले रेस्टुराँ या ट्युसन पढ्आउने काम गर्न थाले । घरमा बुवाको अवस्थाले गर्दा धेरै पैसा लाघ्थ्यो । आमाले बुवाको हेरचार गर्न पर्ने हुनाले मैले छोरीहरुलाई नर्सरी स्कुल पठाए ।

नर्सरी स्कुलमा केहि हुँदा अरुको हजुरबा आमा जान्थे तर मेरो छोरीको लागी म मात्र थिए । साथिसँग खेल्न मन लाग्ने कान्छी छोरीले म नर्सरी जान्न भन्न थालिन । एकदिन म छोरी लिन जादा “मेरो आमा त छिन” भनेको सुने । “बुवा नभए पनि आमा छिन” भन्न खोजेकी जस्तो लाग्यो । मेरा दुबै छोरीले “बुवालाई भेट्न मन छ” भनेर कहिले भनेन तर मुख भने अध्यारो हुन्थ्यो । र मलाई छोरीहरुकोलागी बुवा जरुरी छ जस्तो लाग्न थाल्यो ।

र एकदिन श्रीमानको वकिलबाट एक चिट्ठी आयो । तेसमा मैले छोरीहरुलाई अपहरण गरेको आरोप थियो । मैले आफ्नो वकिलसँग सल्लाह मागे । वकिलले मेरो श्रीमान जापान आए पनि यहाँको कानुन अनुसार उनले छोरी लान सक्दैनन तर एदी अमेरिकाको पुलिस आएमा छोरीलाई फर्कनु पर्छ भनेर भने । मैले छोरी र श्रीमानको कुरा बिचार गरेर फेरी अमेरिका फर्कने निर्णय गरे र टिकट रद्द हुनु अघी डिसेम्बर १५मा फर्किए ।

अमेरिकाको घर पुग्दा छोरीले “बुवा” भनेर कराईन । अनि घरबाट श्रीमानका केहि साथी आए र तुरुन्तै ढोका लगाए । मैले छोरीको कुरा सुनेर कोठा खोल्ने प्रयास गरे तर नयाँ लक लगाएको रहेछ । भित्र श्रीमान छन भन्ने जस्तो लागेको थियो तर कोठा खोल्न सकिन ।

कालिफोर्निआ न्यानो भए पनि डिसेम्बरमा जाडो हुन्थ्यो । हामिले गाडीमा २घण्टा कुर्यौं । छोरीले ढोकाअघी गएर धेरै चोटी “बुवा बुवा” भनि कराउथिन तर श्रीमान बाहिर आएनन ।

तेही बेलामा एक पुलिस देखेर अचम्म भए उनले “छोरीहरुलाई बालगृह लग्छु । भोली लिन आउनु” भनेर भने । मैले “तेस्तो गर्न जरुरी छैन” भने तर पुलिसले मलाई होटेलमा बस्नु भनेर छोरीहरुलाई बालगृह लिएर गए ।

मैले यहाँ फर्किदा एस्तो केहि होला कि भनेर एक बस्ने ठाउँ खोजेको थिए र मैले तेही रात बिताएर भोलिपल्ट बालगृह गए । मैले त्यहाँ बिहान ७ भजे देखी ११ बजेसम्म कुरे र एक कर्मचारीले “यो केस अदालत जान्छ नसक्केसम्म आमाले भेट्न पाउदिनन तेसैले बुवाकोमा छोरी पठाउछौ” भनेर भने । मलाई त्योबेलामा मैले छोरीहरुलाई फेरी भेट्न पाउदिनकी भन्ने डर थियो । तर त्यहाँ मैले केहि गर्न सक्ने थिइन र आफु बस्ने ठाउमा फर्के ।

तेस्को १०महिना पछी पहिलो पेसी भयो । मलाई डर थियो अनि छोरीहरु देख्ने खुशी पनि । अदालतले मैले हफ्तामा ४दिन छोरी भेट्न पाउने छु भन्ने आदेश दियो ।

तेस्पछी डिवोर्सको लागि २-३महिनमा एकचोटी अदालत धाउनु पर्ने भयो । एस्तो ३ बर्षसम्म भयो । मैले वकिललाई तिर्न पर्ने पैसा ५०,००० डलर भयो । त्यो बेलमा मैले काम गरेको थिइन तर सरकारले श्रीमानको तलबबाट मलाई केहि दिन्थ्यो । मैले वकिलको पैसा तिर्न भनेर पैसा बचाउन भनेर एक सानो कोठामा तीनजना बस्न थाले । अदालतकोनिम्ती तिर्न पर्ने पैसा बेर्थै गए जस्तो लाग्थ्यो ।

पहिलाको वकिललाई महिनमा १००० डलर तिर्नु पर्थ्यो तर काम राम्रो थिएन । तर डिवोर्सकोनिम्ती धेरै समय लागेको देखेर साथिहरुले यो ठग हो छिट्टो काम सक्नु भन्न थाले । त्यो वकिल कतै घुम्न जाने थाहा पाएपछी त्यो वकिललाई काम दिन छाडे ।

तेस्पछी आफैले अदालतको कागज बनाउन थाले । मलाई अदालतका केहि कर्मचारीले “एस्तो खराब आमालाई पैसा दिनु पर्दैन” आदी भनेर गाली गर्थे मैले केहि सोध्दा पनि जवाफ दिदैनथे ।

म बिदेशी भएर हेपिएको हो जस्तो लाग्यो ।

डिवोर्स अन्त्य गर्न फेरी वकिल चाहियो र अर्कै वकिललाई काम लगाए । त्यो वकिलले बनाएको कागज मिलेको छैन भनेर एकजना लेखापालले भने र मैले वकिललाई “यो सच्यौनु” भनेर

भने । उस्लाई मैले सुझाब दिएको मन परेनछ र उस्ले काम गर्दिन भन्यो । त्यो वकिलको एक गल्तिले मैले पाउनु पर्ने पैसाबाट एक महिनमा ७०० डलर कम हुने भयो । मेरोनिम्ती त्यो ठुलो पैसा थियो ।

र एक दिन मेरो बैंकको पैसा झिक्न नमिल्ने भयो । त्यो दोस्रो वकिलले मैले पैसा नदिएको भनेर ऋण फर्काउने वकिलसँग मिलेर त्यहाँबाट पैसा लिएको रहेछ र मेरो बैंक काम नगर्ने भयो । मैले क्रेडिट कार्डबाट ऋण लिएर अदालत गएर मेरो छोरी पाल्नको निम्ती पैसा चाहन्छु भनेर मुद्द हाल्दा मैले खाली ९००० डलर पाउने आदेश दिइयो ।

अदालत, वकिल र मेरो भुतपूर्व श्रीमान र उस्की केटी साथीको गाली पनि खाए र घर चलाउन पनि मुस्किल भएकोले मेरो मानसिक तनाब बढ्दै गयो । म "यो केस जिटेर छोड्छु" भन्ने थियो तर दिमागि हालत भने धेरै खराब थियो।

र त्यो बेलामा फेरी पहिला काम गरेको जापानी स्कुलमा काम गर्न थाले र त्यहाँ रेबरेन्ड ओगावालाई भेटे । ओगावाजिले म एकल महिला हु भन्ने थाहा पाएर मेरो समस्याहरु सुन्न थाल्नु भयो । उहा ब्यस्त भए पनि मेरो कुरा ध्यान दिएर सुन्न हुन्थ्यो । मलाई अदालत र घर चलाउने समस्याले सताएको बेलामा उहाले "हार्नु पनि ठीक हो र रुनु पर्ने जिन्दगी पनि हुन्छ । बलजफत लडाईं गर्नु पर्दैन" भनेर सुझाब दिनुभयो ।

अहिले सम्झिदा मेरो दुखको बेलामा बुद्धले ओगावाजिलाई मेरो साहाराकोनिम्ती पठाएका रहेछन जस्तो लाग्छ ।

२०१०मा रिश्शो कोसेइ काइ सान फ्रन्सिस्को मन्दिरमा गए । त्यो मन्दिर भएको ठाउँ म जन्मेको ठाउँ जस्तो थियो र आनन्द लाग्यो । धुपको सुगन्ध भएको मन्दिर भित्र मुस्कुराएका बुद्ध प्रतिमा देख्दा मनको कालो बादल हट्यो । रेबरेन्ड नागामोतो धेरै दयालु हुनुहुन्थ्यो उहाले यहाँ फेरी आउनु भन्नु भयो । ओगावाजिले मिचिबिकी गरेको दिनमा नै म सदस्य भए ।

मन्दिरमा संघसित मन्त्र पढ्ने, आधारभुत बुद्धधर्म सिक्ने अनि होजाले मलाई एसमा धेरै रुची लाग्न थाल्यो । म शनिबार पुजामा जान थाले र हामी हासिखुशी नागामोतोजिको प्रवचन सुन्थ्यौ ।

तेसपछी रेबरेन्ड नागाशिमा त्यहाँ आउनुभयो र उहाले खुशी भनेको के हो र खुशी कसरी हुने भन्ने कुरा सिकाउनु भयो । उहाले खुशी हुन ४ शब्दहरु "धन्यवाद" "क्षमा" "राम्रो" "खुशी" प्रयोग गर्नाले सुखी भइन्छ भनेको मलाई अहिलेसम्म याद छ ।

एस्ता साधारण लाग्ने शब्दहरुले कसरी खुशी दिन्छ भनेर अचम्म लाग्थ्यो तर एस्लाई अभ्यास गर्छु भन्ने लाग्यो । र एस्ता शब्द बोल्दा आफु खुशी भएको जस्तो लाग्न थल्यो । र सुन्ने मान्छेको मुख पनि उजाल्यो हुन्थ्यो तेस्ले फेरी मलाई खुशी दिन्थ्यो । डिवोर्स पछी आफ्नो मन बन्द गरेको थिए तर बिस्तारै पहिलाको आफु जस्तै हुन थाले ।

मेरो मन परिवर्तन भएपछी अरु पनि परिवर्तन हुन थाल्यो । नागाशिमाजिले अङ्रेजिमा प्रवचन गरेको देखेर म पनि गरे पछी जे पनि सकिन्छ भन्ने लागेर मैले आफ्नो काममा प्रोमोसन हुने लाईसेन्स लिने बिचार गरे । पछी म आफ्नो काममा निर्देषक पनि भए र तलब पनि बढ्यो ।

यो मन्दिरमा जापानि भाषा बोल्ने सदस्य पनि थिए । मेरा छोरीहरु पनि यि सदस्यसँग कुरा गरेर जापानको संस्कृती आदी बुझुन र त्यहाँ छोरीहरु खुशी भएर जाउन भनेर छोरीका साथिलाई पनि त्यहाँ बोलाउने प्रयास गर्ने थाले ।

पछी छोरीका साथिहरु आउन छोडे र छोरीहरुले "यहाँ बुढबुढी मात्र छन आउन मन लाग्दैन" भन्थे तर मन्दिर आउथे र पुजा या होजाको काम सगाउथे । उनिहरुले यहाँ काम गरेको उनिहरुकोनिम्ती पछी पक्कै काम लाग्नेछ । उनिहरुले बुद्धधर्म बुझेर आफ्नो जिवनमा अभ्यास गरुन भन्ने कामना गर्दछु ।

खुशीको कुरा यहाँ अरु पनि सना केटाकेटी भएका सदस्यहरु छन र उनिहरुसँग समस्याको आदानप्रदान गर्न सकिन्छ । जापानमा जन्मेको मैले अमेरिकामा केटाकेटी हुर्काउन के गर्नु पर्ने हो भनेर अलि डर लागेको थियो ।

ठुली छोरीको जाच सकिदा म र ओगावाजी गएका थियौ । चोरी मिस टीन कालिफोर्नियामा भाग लिदा पोसाकको लागी संघका सदस्यले पैसा उठाएका थिए । र छोरी कलेजमा पास हुँदा सबैले बधाई दिएका थिए ।

कान्छी छोरीको जाच सकिदा रेबरेन्ड नागाशिमा र श्रीमती आउनु भएको थियो । छोरीको नाच प्रतियोगितामा संघका सदस्यले बर्षमा दुइचोटी टिकट किनेर हेर्न जान्थे । कहिले काही फुल किनेर दिन्थे ।

डिवोर्स गर्ने बेलामा आफ्नो छोरीको कुरा मात्र मनमा थियो र जे भए पनि हारदिन भनेर मैले श्रीमान बिरुद्ध लडेको थिए । तर अहिले सम्झिदा मेरो श्रीमानले पनि हाम्रो लागी भनेर धेरै काम गरेका थिए । अहिले श्रीमानको दृष्टिबाट हेर्दा उहाप्रती आभारि हुने गर्दछु । उहाले गर्द नै म २ छोरीकी आमा भएको थिए ।

म एकदम नराम्रो अवस्थाबाट अहिलेको यो स्थितिमा आएको ओगावाजिले "लड्न पर्दैन हारे पनि रुदा हुन्छ । अरुसँग मिलेर आस्था गरेमा चमत्कार हुन्छ । हिलोमा फुल्ने फुल जस्तो जिवन पनि राम्रो हुन्छ' भनेर हसिलो मुहारले मलाई सम्झाउनु भएको ले नै हो ।

म आफु बुद्धधर्म बुझेर हुर्केको जस्तो लागेको थियो तर मेरो बुझाइ धेरै कम थियो र धर्मालु भन्न मिल्ने थिएन ।

मेरो मनको बाध फुट्न लाग्दा ओगावाजी र अरुहरुले मलाई सहयोग गरेर मलाई पनि "हारेर रुन पनि फरक नपर्ने हुने जिवन" हुन्छ भन्ने सोच आयो र अहिलेसम्मको सोच परिवर्तन भएर नयाँ जिवनको सोच आउन थाल्यो । र दृष्टी परिवर्तन गरेर शान्त मनले उपदेशमा बिश्वास गर्दा म अहिलेको स्थितिमा आइपुगेको हो जस्तो लाग्छ ।

रिश्शो कोसेइ काइमा आएको यो ९ बर्षमाअ यहाँक संघका सहयोगले गर्दा म यहाँसम्म आएकी हु ।

जिन्दगीको सबैभन्दा नराम्रो अवस्थामा मलाई सल्लाह दिदा मैले नसुन्दा पनि हरेस नखाने ओगावाजी धेरै धन्यवाद । उहाले



*होजा गर्दै कायाजि*

जस्तै भ्रम र कष्टमा परेकालाई मुक्ती दिलाउन सक्ने बोधिसत्व बन्छु भन्ने छ ।

मलाई सधै माया गर्ने संघलाई धन्यवाद । यहाँ अहिले म भएको तपाईंहरुले नै गर्दा हो मनदेखी नै आभारी छु ।

म आफ्ना छोरीहरुलाई पनि यहाँ आएर आभारी हुन सिकाउछु र एस्ले गर्दा अब धेरै मान्छेसँग राम्रो संबन्ध बन्दै जाओस भन्ने लाग्छ । म अझै छोरीहरुसँग मिलेर भक्ती गर्दै जानेछु ।

रिश्शो कोसेइ काइको १०० बर्ष र यो मन्दिरको ५० औ बर्ष मनाउन धर्मप्रचार तेदोरी र मिचिबिकिको भक्ती गर्दै जान्छु भनेर प्रण गर्छु ।

सबैजना सुन्नु भएकोमा धेरै धन्यवाद ।

# १३औ अध्याय साहायता( दोस्रो भाग)

## २० पंक्ती गाथा

यो अध्यायमा सबैभन्दा महत्वपुर्ण कुरा अन्त्यमा भनिएको २० पंक्ती गाथा (पहिलको सुत्र पाथमा ४ शब्दमा एक पंक्ती जुन २० पंक्तिसम्म थियो) हो । निचिरेन गुरुले यो गाथा सबै कन्ठ घोकेर आफ्नो बनाएकोले “मैले यो अधर्म भएको ठाउमा सद्धर्मा पुन्डरिक सुत्रको ज्ञान फैलाउन जन्मेको हु” भनेको भन्ने कुरा धेरैलाई थाहा नै छ । र यो २० पंक्ती गाथाको करिबकरिब अर्थ एस प्रकार छ ।

“हामीहरु सबैले बुद्धलाई मनदेखी पुजा गर्छौ तेसैले बुद्धले दिने सर्बश्रेष्ठ ज्ञानको यो सुत्र पनि बुद्धलाई जस्तै पुजण गर्छौं । र सद्धर्म पुन्डरिकलाई रक्षा गरी फैलाउन बाहिर आउने जस्ता सुकै बाधा अड्चन सहन्छौ । हामीहरु मृत्युसङ डराउदैनौ (आफुलाई  मात्र माया गर्दैनौ) । यो अनन्त ज्ञान थाहा नपाउने मानिसप्रतिको पिर गर्छौं ।

समाजका अबुझ मानिसहरुबाट हुने हेपाइ या अरु धर्मका गुरुबाट पाइने शत्रु बेबहार र बाधा, ठुलाबढा जस्ता देखिने मानिसबाट जानिजानी हुने हेपाइ र छिन्नभिन्न बनाउने कोसिसिबाट बिचलित नभएर सर्बस्थानमा यो ज्ञान फैलाउछौ।

हामीहरु सबै इश्वरका दुत हौ । यहाँ आफ्नो सबै शक्ती प्रयोग गरेर सहिरुपमा ज्ञान दिनेछु भन्ने प्रण गर्दछु । हे बुद्ध मनलाई शान्त परेर निस्चिन्त भएर ध्यान गर्नु होला”

## २० पंक्ती गाथा

यहाँ सद्धर्म पुन्डरिकका ३ शत्रुहरु देखा पर्दछन । अहिले सबै धर्मको अनुमती भएको संसार छ तेसैले ३ हजार बर्षअघिको ईन्डियामा सद्धर्म पुन्डरिक मान्नेले या ७०० बर्षअघी जापानमा निचिरेन मान्नेले पाएका दुखहरु अहिले बुझ्न सकिन्न । तर अहिले पनि धर्मप्रती तेस्तै नकारात्मक सोच राख्नेहरु पनि छन ।



पहिलो शत्रु: (साधारण बुझक्कड) भनिन्छ र एस्ता हुन जसले सद्धर्म पुन्डरिक पढेका पनि छैनन र अर्थ पनि बुझ्दैनन तर यो ज्ञानको आलोचना गर्ने र यो ज्ञान मान्नेलाई हेप्ने मानिसहरु हुन । र यो कुरा पहिले सद्धर्म पुन्डरिक मान्नेमा पनि लागु हुन्छ ।

तेसैले हामीले यो कुराको प्रायस्चित गरेर पुन्डरिक सुत्रको आफ्नै ब्याख्या गर्ने, राजनीतिमा लगेर जोड्ने जस्ता आफुलाई फाइदा हुने ठाउँमा प्रयोग गर्दिन भन्ने कुरालाई

मनन गएर यो ज्ञानको चेला जस्तो बेबहार गर्नु पर्छ भन्ने कुरा नबुझी हुँदैन।

दोस्रो शत्रु: (अरु धर्म मान्ने बुझक्कड्) भनिन्छ र अरु धर्म या धर्म मान्ने मानिसहरुले जसले सद्धर्म पुन्डरिकलाई बुझ्ने कोसिस नै नगरि शत्रुको बेबहार गर्ने गर्दछन । सबै धर्म र बिशेस गरी बुद्धधर्ममा दयालाई धेरै मानिन्छ । गल्तिलाई माफ गर्नु र सबैलाई ग्रहण  गर्नु भनेको नै धर्म हो।

तैपनी धर्मको बाहिर देखिने फरक मात्र हेर्ने अनि त्यो फरकलाई मनमा लिएर अरु धर्म र धर्म मान्नेलाई शत्रु बेबहार गर्नेलाई धर्मालु भन्ने सकिन्न।

एस्ता मानिसहरुप्रती एदी सद्धर्म पुन्डरिक मान्ने हरुले पनि शत्रु बेबहार गर्न थाले हाम्रो मनमा हुने दयाले तेस्ता नकरात्मक भावलाई नष्ट गर्नु पर्ने हुन्छ। जस्तोसुकै बेलामा पनि दया लिएर एस्ता मानिसभित्र धर्मको आधार के हो भन्ने कुरा बियुतियोस भनेर कामना गर्दै जानु पर्दछ।



तेस्रो शत्रु: (धर्मा गुरु बुझक्कड्) भनिन्छ र यि मनिसहरु धर्मका सबैभन्दा माथी हुन्छन जस्लाई सबैले मान्ने गर्दछन। यिनिहरुले आफ्नो पदको दुरुपायोग गर्ने र त्यो पदमा सधै बस्न आफु अनुकुल ज्ञान दिने गर्दछन।

साचिनै माथिल्लो पदमाहुनेहरुले “यो नै साचो उपदेश हो” भन्ने कुरा बुझेमा जस्तो गरी पनि त्यो कुरालाई मन्नु पर्दछ तर सानो मन भएकाहरु नयाँ ज्ञान मान्नेहरुलाई आफ्नै धर्म मात्र लाद्ने कोसिस गर्दछन । एस्तो बेलामा धर्मको ठुलो मान्छे (गुरु) जो सबैले मान्ने गर्दछन, एस्ता मान्छेलाई प्रयोग गरेर धेरैलाई असर गर्न सक्ने हुनाले ३ शत्रुमा सबैभन्दा खतरनाक नै यि “धर्मा गुरु बुझक्कड” हुन।

तर हामीहरुले एस्ता शत्रुप्रती लड्न जरुरी भने छैन । आफुले भक्ती गर्ने कुरामा बिश्वास गरेर सही ढङ्मा धर्मप्रचार गर्दै जाने मात्र गरेमा हुनेछ । सत्य सधै अटल रहनेछ ।  र हामीहरु कदापी पनि बुझक्कड भएर माथी भनिएका जस्ता खलको काम गर्नु हुँदैन। सधै कमलो मन र तेज दिमाग लिएर लचिलो बनी युवाहरुको कुरा बुझेर तेस्लाई अपनाउन सक्ने मन बनाउछु भन्ने कुरा मनन गर्नु पर्दछ।

This is an Nepali translation of text that originally appeared in Japanese in *Hokke sanbu kyo: Kaku hon no aramashi to yoten,* by Rev. Nikkyo Niwano, the founder of Rissho Kosei-kai (Kosei Publishing, 1991 [revised edition, 2016]), pp. 136–141.

## सन्तुष्ट हुन सक्ने खुशी

८२ बर्षअघी संस्थापक र सह-संस्थापकले कोसेइ काइ नबनाएको भए म अहिले के गर्थे होला भन्ने सोच्दा धेरै आभारी हुन्छु ।

यो महिनाको प्रवचनमा अध्यक्षले "लोभबाट टाढा भएमा पुण्य प्राप्त हुन्छ" भन्ने कुरा सह-संस्थापकको कुरालाई प्रस्तुत गर्नु भयो र हामीलाई प्राप्त हुने सबै कुरामा आभारी बनेमा लोभबाट टाढा भएर सन्तुष्ट जिवन बिताउन सकिन्छ भनेर सिकाउनु भयो ।

संस्थापकले कोसेइ काइ बनाउदा "सकेसम्म धेरैले सद्धर्म पुन्डरिक सुत्रमा भएको जिवनी बारेमा बुझेर साचो खुशी आफ्नो बनाउन" भन्ने कामना गर्नुभएको थियो ।

एस्तो आभारिपनलाई बुझी यो महिनादेखी अझै मिचिबिकी र धर्मप्रचार गर्दै जाने छु ।

रिश्शो कोसेइ काइ अन्तिाष्ट्रय बिभाग
कोइचि साइतो





We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp

# Rissho Kosei-kai: A Global Buddhist Movement




**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, USA
TEL: 1-808-455-3212FAX: 1-808-455-4633
Email: info@rkhawaii.org URL: http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1817 Nani Street, Wailuku, HI 96793, USA
TEL: 1-808-242-6175 FAX: 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740, USA
TEL: 1-808-325-0015 FAX: 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, USA
POBox 33636, CA 90033, USA
TEL: 1-323-269-4741 FAX: 1-323-269-4567
Email: rk-la@sbcglobal.net URL: http://www.rkina.org/losangeles.html

Please contact Rissho Kosei-kai Buddhist Center of Los Angeles
**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
1031 Valencia Way, Pacifica, CA 94044, USA
POBox 778, Pacifica, CA 94044, USA
TEL: 1-650-359-6951 FAX: 1-650-359-6437
Email: info@rksf.org URL: http://www.rksf.org

Please contact Rissho Kosei-kai of San Francisco
**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016, USA
TEL: 1-212-867-5677 Email: rkny39@gmail.com URL: http://rk-ny.org

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056, USA
TEL: 1-773-842-5654
Email: murakami4838@aol.com URL: http://rkchi.org

**Rissho Kosei-kai of Fort Myers**
URL: http://www.rkftmyersbuddhism.org

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
2745 N.W. 40th St., Oklahoma City, OK 73112, USA
POBox 57138, Oklahoma City, OK 73157, USA
TEL: 1-405-943-5030 FAX: 1-405-943-5303
Email: rkokdc@gmail.com URL: http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Dharma Center of Denver**
1255 Galapago St. #809 Denver, CO 80204, USA
TEL: 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
617 Kling Drive, Dayton, OH 45419, USA
URL: http://www.rkina-dayton.com

**The Buddhist Center Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First St., Suite #1, Los Angeles, CA 90033, USA
TEL: 1-323-262-4430 FAX: 1-323-262-4437
Email: info@rkina.org URL: http://www.rkina.org

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
(Address) 6083 Babcock Road, San Antonio, TX 78240, USA
(Mail) POBox 692042, San Antonio, TX 78269, USA
TEL: 1-210-561-7991 FAX: 1-210-696-7745
Email: dharmasanantonio@gmail.com
URL: http://www.rkina.org/sanantonio.html

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003, USA
TEL: 1-253-945-0024 FAX: 1-253-945-0261
Email: rkseattlewashington@gmail.com
URL: http://buddhistlearningcenter.org

**Rissho Kosei-kai of Vancouver**
Please contact RKINA

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP, CEP 04116-060, Brasil
TEL: 55-11-5549-4446, 55-11-5573-8377
Email: risho@rkk.org.br URL: http://www.rkk.org.br

Facebook: https://www.facebook.com/rishokosseikaidobrasil
Instagram: https://www.instagram.com/rkkbrasil

**Risho Kossei-kai de Mogi das Cruzes**
Av. Ipiranga 1575-Ap 1, Mogi das Cruzes-SP, CEP 08730-000, Brasil

**在家佛教韓国立正佼成会**
〒 04420 大韓民国 SEOUL 特別市龍山區漢南大路 8 路 6-3
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
TEL: 82-2-796-5571　FAX: 82-2-796-1696

**在家佛教韓国立正佼成会釜山支部**
〒 48460 大韓民国釜山廣域市南區水營路 174, 3F
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
TEL: 82-51-643-5571　FAX: 82-51-643-5572

**社團法人在家佛教立正佼成會**
台湾台北市中正區衡陽路 10 號富群資訊大厦 4 樓
4F, No. 10, Hengyang Road, Jhongjheng District, Taipei City 100, Taiwan
TEL: 886-2-2381-1632, 886-2-2381-1633　FAX: 886-2-2331-3433

**台南市在家佛教立正佼成會**
台湾台南市崇明 23 街 45 號
No. 45, Chongming 23rd Street, East District, Tainan City 701, Taiwan
TEL: 886-6-289-1478　FAX: 886-6-289-1488
Email: koseikaitainan@gmail.com

**Rissho Kosei-kai South Asia Division**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8216　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsikhel, Sanepa-1, Lalitpur, Kathmandu, Nepal

**Rissho Kosei-kai of Kolkata**
E-243 B. P. Township, P. O. Panchasayar, Kolkata 700094, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059, West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road, Rumpur, Gaya-823001,
Bihar, India

**Rissho Kosei-kai of Patna Dharma Center**

**Rissho Kosei-kai of Central Delhi**
77 Basement D.D.A. Site No. 1, New Rajinder Nagar,
New Delhi 110060, India

**Rissho Kosei-kai of Singapore**

**Rissho Kosei-kai of Phnom Penh**
W.C. 73, Toul Sampaov Village, Sangkat Toul Sangke, Khan Reouseykeo,
Phnom Penh, Cambodia

**RKISA Rissho Kosei-kai International of South Asia**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Bangkok**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8216　FAX: 66-2-716-8218　Email: info.thairissho@gmail.com

**Rissho Kosei Dhamma Foundation**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
TEL: 94-11-2982406　FAX: 94-11-2982405

**Rissho Kosei-kai of Polonnaruwa**

**Rissho Kosei-kai Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
TEL/FAX: 880-31-626575

**Rissho Kosei-kai Mayani**
Mayani Barua Para, Mirsarai, Chittagong, Bangladesh
**Rissho Kosei-kai Damdama**
Damdama Barua Para, Mirsarai, Chittagong, Bangladesh
**Rissho Kosei-kai Patiya**
China Clinic, Patiya Sadar, Patiya, Chittagong, Bangladesh

**Rissho Kosei-kai Satbaria**
Village: Satbaria Bepari Para, Chandanaih, Chittagong, Bangladesh

**Rissho Kosei-kai Chendhirpuni,**
Village: Chendhirpuni, P.O.: Adhunogar, P.S.: Lohagara, Chittagong,
Bangladesh

**Rissho Kosei-kai Dhaka**
408/8 DOSH, Road No 7 (West), Baridhara, Dhaka, Bangladesh

**Rissho Kosei-kai Laksham**
Village: Dhupchor, Laksham, Comilla, Bangladesh

**Rissho Kosei-kai Cox's Bazar**
Ume Burmize Market, Tekpara, Sadar, Cox's Bazar, Bangladesh

**Rissho Kosei-kai Cox's Bazar, Ramu Shibu**

**Rissho Kosei-kai Raozan**
Dakkhin Para, Ramzan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Buddiyskiy khram "Lotos"**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk 693005, Russia
TEL: 7-4242-77-05-14

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road, North Point, Hong Kong, China

**Rissho Kosei-kai Friends in Shanghai**

**Rissho Kosei-kai of Ulaanbaatar**
(Address) 15F Express Tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
(Mail) POBox 1364, Ulaanbaatar-15160, Mongolia
TEL: 976-70006960　Email: rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Erdenet**
2F Ikh Mandal building, Khurenbulag bag, Bayan-Undur sum,
Orkhon province, Mongolia

**Rissho Kosei-kai di Roma**
Via Torino, 29, 00184 Roma, Italia
TEL/FAX: 39-06-48913949　Email: roma@rk-euro.org

**Rissho Kosei-kai of the UK**
**Rissho Kosei-kai of Paris**
**Rissho Kosei-kai of Venezia**

**Rissho Kosei-kai International Buddhist Congregation (IBC )**
166-8537 東京都杉並区和田 2-7-1 普門メディアセンター 3F
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo 166-8537, Japan
TEL: 03-5341-1230　FAX: 03-5341-1224　URL: http://www.ibc-rk.org

**Published by Rissho Kosei-kai International**